बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)

नयाँ बानेश्वर, थापागाउँ
०१ ५२४४०६२

# विज्ञप्ति

आज मिति २०७९ आश्विन ५ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित भ्रमण खर्च नदिएको भन्दै विद्यार्थीले बारा जिल्लाको सिम्रौनगढ नगरकार्यपालिकाको कार्यालय तोडफोड गरेको भन्ने समाचारप्रति यस बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) को गम्भीर ध्यानाकर्षण भएको छ। यस घटनाले एकातिर शासन तथा सेवामा बालबालिकाको सहभागिताको अधिकार सुनिश्चित गर्नका लागि नेपालले गरेको संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाहरुको व्यवहारिक कार्यान्वयनमा प्रश्न उठाएको छ भने अर्कोतिर बालबालिकालाई लोकतान्त्रिक अभ्यास, दृष्टिकोण र सँस्कृति सिकाउन समेत अपरिहार्य रहेको खुलस्त पारेको छ ।

नेपालले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय तथा अन्य सार्वजनिक निकाय तथा सरकारद्वारा गरिने निर्णय प्रक्रियामा उपस्थित हुने, स्वतन्त्र रूपमा आफ्ना बिचार र अभिव्यक्ति राख्न पाउने, आफ्नो सरोकारका विषयहरुमा सूचना माग्ने र पाउने, संस्था, समूह वा क्लबहरुमा संगठित हुन पाउने, संस्था खोल्न पाउने र शान्तिपूर्वक भेला हुन पाउने अधिकार संवैधानिक, कानूनी तथा नीतिगत रुपमा सुनिश्चित गरेको छ। यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७७ मा बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने उल्लेख भएको छ । एकातिर बाल अधिकार सम्बन्धी प्रचलित कानुन तथा नीतिनियमको पालना गरी बालबालिकाको सहभागितालाई सुनिश्चित गर्नु हामी सबैको दायित्व रहन्छ भने अर्कोतिर सिम्रौनगढ नगरकार्यपालिकाको कार्यालय तोडफोड घटनाले बालबालिकालाई आफ्नो अधिकारको उचित रुपमा पालना गर्ने अधिकार तथा कर्तव्यको अभिमुखीकरण तथा लोकतान्त्रिक शिक्षा र सँस्कृतिको ज्ञान दिलाउन अझै जरुरी रहेको देखिन्छ। हामीलाई विदितै छ, बालबालिका कुनै पनि विषयको निर्णय लिन शारीरिक तथा मानसिक रुपमा परिपक्व भइसकेका हुदैनन्। यस्ता घटना हुनुमा बालबालिका मात्र जिम्मेवार नभइ हाम्रो अभिभावकीय भूमिकाको समेत कमी भएको देखिन्छ। यस खाले घटनाले बालबालिकाको बालमस्तिष्कमा पार्ने असर तथा समाजमा पुग्ने क्षतिको विषयमा बेलैमा सचेत रहन यस अभियान सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछ ।

आज विश्व शान्ति दिवस (सेप्टेम्बर २१) को अवसर पनि रहेको सन्दर्भमा यस अभियान मन, बचन र कर्ममा दीगो शान्ति स्थापनाका लागि सबै नेपालीप्रति हार्दिक शुभकामना व्यक्त गर्दै आफ्नो विषय तथा मागलाई शान्तिपूर्ण रुपमा राख्न तथा शान्तिपूर्वक ढंगबाट नै मागको सम्बोधन हुन सम्बन्धित सबै पक्षलाई अनुरोध गर्दछौ ।

राजेश शर्मा
अध्यक्ष

मीना शर्मा
महासचिव

मितिः २०७९ आश्विन ५ गते